मध्यपश्चिम विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

मिति : २०८१/०८/१६

## परीक्षा आवेदन फाराम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्धारा निम्नानुसार ग्याजुयट स्कुल अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने सत्रान्त/मौका परीक्षाको परीक्षा फाराम खुलाइएको छ । सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फाराम भरी बुझाउनुहोला । परीक्षा फाराम www.muexam.edu.np को Online Exam form बाट अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फाराम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला ।

| ग्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर | कैफियत |
|---|---|---|---|---|
| एग्रिकल्चर एण्ड फरेष्ट्री | स्नातक | B.Sc. Ag | पाँचौं | सत्रान्त |
| ह्युमानिटिज एण्ड सोसल साइन्सेज | स्नातक | BA | सातौं | मौका |

**पुनश्च:**

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका परीक्षार्थीहरुले परीक्षा फाराम भर्न सक्नेछन् ।

२) परीक्षा फाराम मिति २०८१ मंसिर १६ गतेदेखि २०८१ पौष ०१ गतेसम्म नियमित शुल्क र २०८१ पौष ०२ गतेदेखि २०८१ पौष ०४ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नुपर्नेछ ।

३) सम्बन्धित क्याम्पस/विभाग/स्कुलले मिति २०८१ पौष ०७ गते साँझ ४:०० बजे सम्म परीक्षा फाराम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

४) परीक्षा फाराम पठाउदा online exam form list बाट प्राप्त sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनुपर्नेछ ।

५) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा बिगारेमा क्याम्पस/विभाग/स्कुल प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- (अक्षरुपी चारसय मात्र) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिनेछ ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइनेछैन ।

2081-08-16
परीक्षा व्यवस्थापन प्रमुख

परीक्षा व्यवस्थापन प्रमुख

फोन नं. : ९७७८३५२२७९२ इमेल : info@muexam.edu.np वेबसाइट : www.muexam.edu.np